# राधी विद्युत कम्पनी लिमिटेडको
# प्रबन्धपत्र संशोधनको
# तीन महले

<table>
<tr><th>साविक व्यवस्था</th><th>हालको व्यवस्था</th><th>संशोधन गर्नु परेको कारण</th></tr>
<tr><td>दफा ४ : कम्पनीको उद्देश्य<br>४.९ हाल व्यवस्था नभएको ।</td><td>दफा ४ : कम्पनीको उद्देश्य<br>४.९ कम्पनीले व्यवस्थापकिय सेवा (Management Service) तथा आवश्यकता अनुसार अन्य परामर्श सेवा प्रदान गर्नेछ ।</td><td>आवश्यक भएकोले ।</td></tr>
<tr><td>दफा ६ : कम्पनीको पूँजीको संरचना र विभिन्न प्रकारको शेयर संख्या :<br>६.३ संस्थापक शेयरधनीहरुलाई समूह “क” मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको ७५ प्रतिशत हुनेछ । यो समूहलाई देहाय बमोजिम २ वटा उप-समूहमा विभाजन गरिएको छ ।
<table>
<tr><th>क.सं.</th><th>संस्थापकको नाम</th><th>शेयर संख्या</th><th>शेयर प्रतिशत</th></tr>
<tr><td></td><td>उप-समूह “क-१”</td><td></td><td></td></tr>
<tr><td>१</td><td>लमजुङ्ग विद्युत विकास कम्पनी लि.</td><td>१९,५२,५१३</td><td>४७.६२</td></tr>
<tr><td>२</td><td>साङ्गे विद्युत कम्पनी लि.</td><td>१,३९,४७४</td><td>३.४०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२०,९१,९८७</td><td>५१.०२</td></tr>
<tr><td></td><td>उप-समूह “क-२”</td><td></td><td></td></tr>
<tr><td>३.</td><td>उप-समूह “क-१” बाहेकका एजटेक पावर प्र.लि. सि.ई.डि.बि.हाइड्रो फण्ड लि., गण्डकी इनर्जी लिमिटेड लगायतका अन्य संस्थापक शेयरधनीहरु</td><td>९,८३,०१३</td><td>२३.९८</td></tr>
</table></td><td>दफा ६ : कम्पनीको पूँजीको संरचना र विभिन्न प्रकारको शेयर संख्या :<br>६.३ हाल कम्पनीको शेयर दोस्रो बजारमा कारोबार भई संस्थापक तथा सर्वसाधारण शेयरको एउटै समूहमा कारोबार भईरहेकोले शेयरको एकै समूह मात्र रहनेछ ।</td><td>संस्थापक तथा सर्वसाधारण शेयर एकै हुने भएकोले ।</td></tr>
<tr><td>६.४. सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीहरुलाई समूह “ख” मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको २५ प्रतिशत हुनेछ । सो २५ प्रतिशत मध्येबाट कानुन बमोजिम बढिमा ५ प्रतिशत सम्म शेयर यस कम्पनीका कर्मचारीहरुलाई निष्काशन गर्न सकिनेछ ।</td><td>६.४ प्रचलित ऐन बमोजिम सर्वसाधारणलाई २५ प्रतिशत शेयर जारी गरिसकिएको छ । प्रचलित ऐन बमोजिम कम्पनीले थप सार्वजनिक शेयर (FPO) जारी गर्न सक्नेछ ।</td><td>आवश्यक भएकोले ।</td></tr>
</table>

# राधी विद्युत कम्पनी लिमिटेडको
# नियमावली संशोधनको
# <u>तीन महले</u>

<table>
<tr><th>साविक व्यवस्था</th><th>हालको व्यवस्था</th><th>संशोधन गर्नु परेको कारण</th></tr>
<tr><td>७ : विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरु :</td><td>नियम ७ : विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरु :</td><td></td></tr>
<tr><td><table>
<tr><th colspan="3">समूह “क” (संस्थापक शेयरधनी)</th></tr>
<tr><th colspan="2">उप-समूह “क-१”</th><th>उप-समूह “क-२”</th></tr>
<tr><td>लमजुङ्ग विद्युत विकास कम्पनी लि.</td><td>साङ्गे विद्युत कम्पनी लि.</td><td>उप-समूह “क-१” बाहेकका एजटेक पावर प्रा.लि., सि.ई.डि.बि.हाइड्रो फण्ड लि., गण्डकी इनर्जी लिमिटेड लगायतका अन्य संस्थापक शेयरधनीहरु</td></tr>
<tr><th colspan="3">समूह “ख” सर्वसाधारण शेयरधनीहरु</th></tr>
</table></td><td>हाल कम्पनीको शेयर दोस्रो बजारमा कारोबार भई संस्थापक तथा सर्वसाधारण शेयरको एउटै समूहमा कारोबार भईरहेकोले शेयरको एकै समूह मात्र रहनेछ ।</td><td>संस्थापक तथा सर्वसाधारण शेयर एकै हुने भएकोले ।</td></tr>
<tr><td>नियम २७ : संचालक समितिको गठन, संख्या  र कार्यकाल :</td><td>नियम २७ : संचालक समितिको गठन, संख्या  र कार्यकाल :</td><td></td></tr>
<tr><td>(१) संचालकहरुको नियुक्ति वा निर्वाचन संस्थापक उप-समूह र सर्वसाधारण समूहका शेयरधनीहरुले आ-आफ्नो समूह वा उप-समूह बाट उप-दफा २ बमोजिम संचालक नियुक्त वा निर्वाचन गर्नेछन् ।<br><br>तर स्वतन्त्र संचालकको नियुक्ति प्रचलित ऐन बमोजिम संचालक समितिबाट हुनेछ ।</td><td>(१) संचालकहरुको नियुक्ति वा निर्वाचन साधारण सभाबाट हुनेछ ।<br><br>तर स्वतन्त्र संचालकको नियुक्ति प्रचलित ऐन बमोजिम संचालक समितिबाट हुनेछ ।</td><td>आवश्यक भएकोले ।</td></tr>
<tr><td>(२) यस कम्पनीमा एक जना स्वतन्त्र संचालक सहित आठ जनाको सञ्चालक समिति हुनेछ । जसको गठन विधि निम्नानुसार हुनेछ ।<br><br>(क) समूह “क” (संस्थापक शेयरधनीहरु) मध्येबाट ५ जना</td><td>(२) यस कम्पनीमा १ (एक) जना स्वतन्त्र संचालक सहित ६ (छ) जनाको संचालक समिति हुनेछ । यसको गठन १ जना महिला सहित निम्नानुसार हुनेछ ।</td><td>संस्थापक तथा सर्वसाधारण शेयर एकै हुने भएकोले ।</td></tr>
</table>

| | | |
|---|---|---|
| (१) उप-समूह "क-१" बाट ४ जना<br><br>(२) उप-समूह "क-२" बाट १ जना<br>(ख) समूह "ख" (सर्वसाधारण शेयरधनीहरु) मध्येबाट २ जना<br><br>(ग) प्रचलित ऐन बमोजिम संचालक समितिबाट नियुक्त १ जना स्वतन्त्र संचालक ।<br><br>**नियम ५० : अन्य आवश्यक कुराहरु :**<br>३(क) कम्पनीले राधी जलविद्युत आयोजनाको ऋण अवधि भरिका लागि लमजुङ्ग विद्युत विकास कम्पनीबाट जोखिम व्यवस्थापन, आयोजना संचालन तथा अन्य आवश्यक कार्यको लागि परामर्श सेवा लिनेछ र उक्त परामर्श सेवाको लागि प्रति महिना रु. ४,००,००० (रु. चार लाख) का दरले परामर्श शुल्क लमजुङ्ग विद्युत विकास कम्पनी लिमिटेडलाई दिइनेछ । ऋण चुक्ता भएपछि चलान तथा अन्य आवश्यक परामर्श सेवा स्वरुप लमजुङ्ग विद्युत विकास कम्पनीलाई प्रति महिना रु. १,७५,००० (रु. एक लाख पचहत्तर हजार) राधी जलविद्युत आयोजनाको उत्पादन अनुमति पत्र उल्लेखित अवधिभरिका लागि दिनु पर्नेछ । | (क) शेयरधनीहरुको तर्फबाट ५ (पाँच) जना<br>(ख) स्वतन्त्र संचालक १ (एक) जना<br><br>**नियम ५० : अन्य आवश्यक कुराहरु :**<br>३(क) कम्पनीले राधी साना जलविद्युत आयोजनाको ऋण अवधि भरिका लागि लमजुङ्ग विद्युत विकास कम्पनी लिमिटेडबाट जोखिम व्यवस्थापन, आयोजना संचालन तथा अन्य आवश्यक कार्यको लागि परामर्श सेवा लिनेछ र उक्त परामर्श सेवाको लागि प्रति महिना रु. ६,००,००० (अक्षरुपी रुपैयाँ छ लाख मात्र) का दरले परामर्श शुल्क लमजुङ्ग विद्युत विकास कम्पनी लिमिटेडलाई दिइनेछ । ऋण चुक्ता भएपछि संचालन तथा अन्य आवश्यक परामर्श सेवा स्वरुप लमजुङ्ग विद्युत विकास कम्पनी लिमिटेडलाई प्रति महिना रु. ३,७५,००० (अक्षरुपी रुपैयाँ तीन लाख पचहत्तर हजार मात्र) राधी साना जलविद्युत आयोजनाको उत्पादन अनुमति पत्रमा उल्लेखित अवधिभरिका लागि दिनु पर्नेछ । | आवश्यक भएकोले । |